# त्होम्ले घोषणापत्र

**यो घोषणापत्र आदिवासी जनजातिहरुको अधिकार, जैविक विविधता र जलवायु परिवर्तन सम्बन्धी नोभेम्बर १–४, २०२४ पोखरा, नेपालमा आयोजित चौथो आदिवासी ज्ञान र एशियाका मानिसहरु (इक्पा) सम्मेलनमा तयार गरिएको हो ।**



पोखरा, नेपालमा लिइएको सामुहिक फोटो । त्होम्ले घोषणापत्रको मस्यौदा तयार गर्न एशियाका १० राष्ट्रहरुका ६५ आदिवासी जनजाति नेताहरु भेला भएका थिए । फोटो श्रेयः पिरावन वोङ्निथिशथापोर्न, एआइपिपि ।

**एशिया महादेश उच्च जैविक र सास्कृतिक विविधतायुक्त क्षेत्र हो, जहाँ हामीआदिवासी जनजातिहरुले हाम्रो जल, जमिन, भूक्षेत्र तथा स्रोतहरुको संरक्षण र व्यवस्थापनको निम्ति महत्वपूर्ण भूमिका खेलिरहेका छौं । यी कार्यहरु हामीले अनन्तकालदेखि गर्दै आइरहेका छौं । त्यसैले हामी जैविक विविधतासम्बन्धी महासन्धि (सिबिडि) र जलवायु परिवर्तनसम्बन्धी संयुक्तराष्ट्रसंघीय खाका महासन्धि (युएनएफसिसि) कार्यान्वयनमा स्थायी साझेदार र नेतृत्वकर्ताहरु हौं।**

हामी युएनएफसिसिमा ज्ञानसम्बन्धी मञ्चको सहजीकरण कार्य समुह (एफडब्लुजी) को बैठकहरुमा र सिबिडिको धारा ८(जे) तथा अन्य सम्बन्धित प्राबधानहरुको तदर्थ कार्य समुहमा सक्रियताका साथ संलग्न रहेका छौं । एशिया तथा विश्वका अन्य क्षेत्रहरुका आदिवासी जनजातिहरुको पनि वकालत कार्यमा सक्रिय रुपमा संलग्नताले जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता र जैविक विविधतासम्बन्धी विश्वव्यापी कुनमिङ मोन्ट्रेयल खाका (केएम–जिबिएफ) मा मानव अधिकार, आदिवासी जनजातिहरुको अधिकार र ज्ञानलाई समावेशगर्न महत्वपूर्ण योगदान पुर्याएको छ।

एक वर्ष अघि एशियाका आदिवासी जनजाति प्रतिनिधिहरुले इ–साक का ओउ घोषणापत्र जारी गरे, जुन मानव जाति र पृथ्वीले सामना गरिरहेको गम्भीर सरोकार र सवालहरुलाई सम्बोधन गर्न सहकार्ययुक्त समाधानको निम्ति हाम्रो सामुहिक आब्हान हो । घोषणापत्रलाई विभिन्न १२ भाषामा अनुवाद गरिनुका साथै ११ वटा वेभसाइटमा पनि राखिएको छ।

**त्होम्ले घोषणापत्र**

'त्होम्ले'शब्द नेपालको गण्डकी प्रदेशमा अवस्थित धम्पुस गाउँको आदिवासी नाम हो । यस नामले गुरुङ आदिवासी जनजातिहरुको निम्ति साँस्कृतिक महत्व बोकेको छ

AIPP

गत वर्ष हामीले जलवायु तथा जैविक विविधतासम्बन्धी क्राबी कार्य योजनाको मस्यौदा समेत तयार गर्यौं । उक्त मस्यौदा आदिवासी जनजातिहरुले तयार गरेको यस क्षेत्रको पहिलो सामुहिक कार्य योजना हो, जसले जलवायु तथा जैविक विविधताका प्रयासहरुलाई एकीकृत गर्दछ । यस योजनाले स्थानीय, राष्ट्रिय र क्षेत्रीय स्तरमा जैविक विविधताको संरक्षण तथा दिगो उपयोगको साथै जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनको निम्तिहाम्रो क्रियाकलाप तथा नेतृत्वलाई सशक्त बनाउने हाम्रो प्रतिबद्धताहरुलाई पुष्टि गर्दछ ।

त्यसपछि एशियाका आदिवासी जनजातिहरुले निम्न क्षेत्रहरुमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छन्:

- समुदायको सशक्तिकरण,
- हाम्रो भूक्षेत्रको नक्सांकन,
- संरक्षणर पुनरुस्थापना योजनाहरु तर्जुमा,
- आदिवासी ज्ञानको अन्तरपुस्ता हस्तान्तरण तथा दस्तावेजीकरणको निम्ति सहजीकरण,
- संजाल र गठबन्धनहरुको विस्तार,
- राष्ट्रिय जैविक विविधता रणनीति र कार्य योजनाहरुको प्रक्रियाहरु र समीक्षामा संलग्नता,
- नीतिगत वकालत सामग्रीहरु तयारी र
- सुनौलोभविष्यतर्फ अगाडि बढ्दै प्रकृतिसँग शान्ति र सौहार्दपूर्ण वातावरणमा बाँच्नको निम्ति आदिवासी जनजातिको रुपमा हाम्रो प्रतिबद्धता र योगदानहरुलाई अझ बढाउदै लैजाने ।

हाम्रो निम्ति जलवायु परिवर्तन र जैविक विविधता संरक्षणको सम्पूर्ण कार्ययोजना र रणनीतिहरुमा आदिवासी जनजातिहरुको मानवअधिकारको रक्षा गर्नु सम्झौता गर्न नसकिने विषय हो । यद्दपि, हामीले संरक्षण, उर्जा रुपान्तरण परियोजनाहरु, कार्बन बजार लगायतका नाममा गरिने अभ्यासले निम्त्याएको जैविक विविधतामा ह्रास, जलवायु परिवर्तन, वन विनाश, भूक्षयीकरण, ब्यवसायीकरण, भू उपयोग परिवर्तन, जल–जमिनमा कब्जा, अपराधीकरण, सैन्यकरण र मानव अधिकार उल्लंघन जस्ता विविध प्रकारका चुनौती र खतराको निरन्तररुपमा सामना गरिरहेका छौं ।

हामी हाम्रो जल, जमिन र भूक्षेत्र माथिकोसामुहिक अधिकारलाई सम्मान गर्न अत्यावश्यक रहेको कुरालाई दोहोर्याउन चाहन्छौं। यसका साथै स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरीको इमान्दारीपूर्वक कार्यान्वयन सुनिश्चित गर्न र सरकार, वित्तिय संस्थाहरु, राष्ट्रसंघीय निकायहरु, विकाससम्बन्धी निकायहरु तथा अन्य सरोकारवालाहरुद्वारा नेतृत्व गरिएका जैविक विविधता र जलवायुसम्बन्धी सबै कार्यहरु र समाधानहरुमा आदिवासी शासन प्रणालीलाई मान्यता दिई सुदृढ बनाउन समेत आग्रह गर्दछौं । त्यसैगरी राष्ट्रिय संरक्षण लक्ष्य र कार्यक्रमहरुको समीक्षा गर्न आवश्यक रहनुका साथै र आदिवासी जनजाति मानवअधिकार रक्षकहरुको सुरक्षाको सुनिश्चितता पनि हुनुपर्दछ ।

Forest Peoples Programme

Transformative Pathways

**आज नेपालको पोखराशहरमा १० एशियाली राष्ट्रका ६५ आदिवासी नेताहरु ३६ विश्वव्यापी, क्षेत्रीय, राष्ट्रिय र स्थानीय संगठनहरुको प्रतिनिधित्व गर्दै भेला भएका छन्। जसमा ज्येष्ठ नागरिक, महिला, युवा, अपाङ्गता भएका व्यक्तिहरु, मीडिया, कानून व्यवसायीहरु, विकाससम्बन्धी निकाय र दातृ संस्थाहरुका प्रतिनिधिहरु समावेश छन् ।**

हामी एकजुट भएर हाम्रो जल, जमिन र भुक्षेत्र, आदिवासी शासन प्रणाली र ज्ञान प्रणालीसँग सम्बन्धित संवेदनशील मुद्दाहरुलाई सम्बोधन गर्नको निम्ति हाम्रो भूमिकाप्रति प्रतिबद्ध रहेको दोहोर्याउन चाहन्छौं। यस प्रतिबद्धतालाई अक्टोबर १–४, २०२४ पोखरा, नेपालमा आयोजित आदिवासी ज्ञान र एशियाका मानिसहरु सम्बन्धी चौथो सम्मेलनका सहभागीहरुद्वारा तयार पारिएका आदिवासी जनजातिको अधिकार, जैविक विविधता र जलवायु परिवर्तनसम्बन्धी सामुहिक रणनीतिका रुपमा पोखरा कार्ययोजना मार्फत लागु गरी अगाडि बढाइनेछ ।

## आदिवासी जनजातिको नेतृत्व, मानव अधिकार, जैविक विविधता संरक्षण र जलवायु न्यायलाई प्रबर्धन गर्नको निम्ति सामुहिक सिफारिसहरु

हाम्रो पुर्खाहरु र अग्रजहरुको विवेकद्वारा मार्गदर्शन प्राप्त गर्दै र सामुदायिक एक्यबद्धताको हाम्रो साझा मूल्यहरुलाई प्रबर्धनगर्न हाम्रो सामुहिक प्रतिबद्धताबाट प्रेरित हुँदै, भावी पुस्ताहरु लगायत बृहत्तर समुदायको हित र साझेदारीको निम्ति हाम्रो साझा मूल्यहरुको प्रबर्धन गर्न सामुहिक प्रतिबद्धताद्वारा प्रेरित हुँदै सिबिडि पक्षहरु, युएनएफसिसि पक्षहरु, निजी क्षेत्रहरु, वित्तिय संस्थाहरु, संरक्षण क्षेत्रका अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरु, गैर सरकारी संस्थाहरु, दाताहरु लगायत अन्य सान्दर्भिक संस्थाहरुलाई हामी तल उल्लेखित महत्वपूर्ण मुद्धाहरुमा सामुहिक सिफारिसहरु गर्दछौं:

## राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजनाहरु, जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय निर्धारित योगदान दस्तावेज र राष्ट्रिय अनुकुलन योजनाहरु

- परिमार्जितर अद्यावधिक गरिएका राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजनाहरु, जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय निर्धारित योगदान दस्तावेज र राष्ट्रिय अनुकुलन योजनाहरुसँग सम्बन्धित निर्णय प्रक्रियामा आदिवासी जनजातिहरुको निम्ति विशेष स्थानको स्थापना गरेर निर्णय प्रक्रियामाआदिवासी जनजातिहरु लगायत आदिवासी जनजाति महिला, युवा र अपाङ्गताभएका व्यक्तिहरुको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने ।

- संघर प्रदेश स्तरमा यी प्रक्रियाहरुको सबै चरणहरुमा अबिलम्ब प्रभावकारी सहभागिता संयन्त्रको स्थापना गर्ने वा जहाँ यस्ता संयन्त्रहरु पहिले नै छन्, तिनीहरुलाई अझ बलियो बनाउने ।
- राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना, जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय निर्धारित योगदान दस्तावेज र राष्ट्रिय अनुकुलन योजनाहरु मानव अधिकारमा आधारित अवधारणा अनुरुप हुनुपर्दछ, जसमा हाम्रो सामुहिक भूमि अधिकार सुरक्षित गर्नका साथै हाम्रो जल, जमिन र भूक्षेत्रहरुमा गरिने सबै प्रकारका जैविक विविधता तथा जलवायु सम्बन्धी गतिविधिहरुमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरी सुनिश्चित गर्ने ।
- जैविक विविधता र जलवायु परिवर्तनसम्बन्धी महासन्धिहरुको राष्ट्रिय प्रतिवेदन पेश गर्दा जैविक विविधता र जलवायु परिवर्तन सम्बन्धी हाम्रो सामुहिक कार्ययोजना मार्फत एशियाका आदिवासी जनजातिहरुले गर्दै आइरहेको कार्यहरुलाई समावेश गर्ने ।

## मानव अधिकारमा आधारित संरक्षणको अवधारणा

- संरक्षणसम्बन्धी हाम्रो आदिवासी अभ्यासहरु, प्रथाजनित कानून र संस्थाहरुलाई मान्यता र संरक्षण गरेर संरक्षणसम्बन्धी प्रतिकुलनीति तथा कानुनहरुमा सुधार ल्याउने । यी सुधारहरु बलियो कार्यान्वयन संयन्त्रहरु, जवाफदेहीताका उपायहरु र आदिवासी जनजातिहरुसँग साझेदारी गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको सुनिश्चित गर्ने।
- केएम–जिबिएफको लक्ष्य ३ प्राप्त गर्नको निम्ति संरक्षित क्षेत्रहरु र अन्य प्रभावकारी क्षेत्रमा आधारित संरक्षणका उपायहरु भन्दा फरक, तेस्रो मार्गको रुपमा आदिवासी र परम्परागत क्षेत्रहरुलाई मान्यता दिई प्रबर्धन गर्ने।
- संरक्षणका प्रयासहरुमा अधिकारबाहक र नेतृत्वकर्ताको रुपमा आदिवासी जनजातिहरुको अर्थपूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने । साथै संरक्षणर जलवायुसम्बन्धी सबै कार्यहरुमा स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरीको कार्यान्वयन सुनिश्चित गर्ने ।
- संरक्षणको नाममा गरिएको ऐतिहासिक अन्यायहरुलाई सम्बोधन गर्न हाम्रो स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरीबिना खोसिएको जल र जमिन फिर्ता गर्ने । साथै यीजल, जमिन र क्षेत्रहरुको पुनरुस्थापना, संरक्षण र रेखदेखको लागि सहयोग गर्नका साथै आदिवासी जनजातिहरुको सामुहिक स्वामित्वलाई मान्यता दिने ।

## धारा ८(जे) मा नयाँ कार्यक्रम र यसको संस्थागत व्यवस्था

- धारा ८(जे) र सम्बन्धितप्राबधानहरुको कार्यान्वयनलाई सशक्त बनाउन, साथै धारा ८ (जे) सम्बन्धी तदर्थ कार्य समुह र केएम–जिबिएफबाट भएको प्रगतिलाई अगाडि बढाउनको निम्ति उपयुक्त संयन्त्रको रुपमा कोप १६ मामहासन्धिको स्थायी सहायक निकायको स्थापना गर्ने ।
- धारा ८(जे) अन्तर्गत नयाँ कार्यक्रम लागु गर्ने र यसको कार्यान्वयन लगायत सम्पूर्ण केएम–जिबिएफमा आदिवासी जनजातिहरु पूर्ण र प्रभावकारीरुपमा सहभागी हुन सक्ने कुराको सुनिश्चितता गर्ने ।

## केएम–जिबिएफ अनुगमन ढाँचा र सूचकहरु

- आदिवासी र परम्परागत भूक्षेत्रहरुमा भूउपयोग परिवर्तन र भूस्वामित्वसम्बन्धी परम्परागत ज्ञानसूचकलाई प्रमुख सूचकको रुपमा अपनाउने ।
- अनुगमन ढाँचामा प्रभावकारी रुपमा समावेश गरी केएम–जिबिएफको चार परम्परागत ज्ञान सूचकहरुको अन्तरसम्बन्धित प्रकृतिको पहिचान गर्ने
- आदिवासी जनजातिहरुको समुदायमा आधारित अनुगमन र सूचना प्रणालीहरु (जस्तै, आदिवासी नेभिगेटर परियोजना, समुदायको नक्साङ्कन, जैविक विविधतासम्बन्धी सामुदायिक सर्वेक्षण, सूची र अन्यविधिहरु) को भूमिकालाई केएम–जिबिएफ कार्यान्वयन प्रक्रियाको अनुगमन लगायत राष्ट्रिय प्रतिवेदन तयार गर्नमा उनीहरुको योगदानलाई मान्यता दिने र सहयोग (आर्थिक सहयोग लगायत) गर्ने ।

## आदिवासी जनजाति मानवअधिकार रक्षकहरु

- आदिवासी जनजातिहरुमाथि भइरहेको भुटा अपराधीकरणलाई अन्त्य गर्न कानूनी र नीतिगत तहमा सुधार ल्याउनका साथै अपराधीहरुलाई जवाफदेही बनाउने उपायहरुलाई सुदृढ बनाउने ।
- आदिवासी जनजाति मानवअधिकार रक्षकहरुमाथि हुने आक्रमण, जबरजस्तीबेपत्ता, सम्पत्ति र बैंक खाताहरु रोक्का, हत्या, हिंसा र दमनको अन्त्य गर्ने । त्यस प्रकारका उल्लंघनका पिडितहरुको निम्ति न्यायमा प्रभावकारी र समयमै पहुँचको सुनिश्चितता गर्ने ।
- आदिवासी जनजाति मानवअधिकार रक्षकहरु र आदिवासी जनजाति महिला मानवअधिकार रक्षकहरुप्रति हुने धाकधम्की, हिंसा, यौन दुर्व्यवहार, निगरानी र भौतिक तथाकानूनी आक्रमणका साथै जनसहभागिता विरुद्धहुने रणनीतिक कानूनी कारबाही लगायतका सबै प्रकारका आक्रमणहरुप्रति शुन्य सहनशीलताको नीति अपनाउने ।

## हानी र नोक्सानी

- जलवायुजन्य हानी र नोक्सानीलाई सम्बोधन गर्ने कोषको सञ्चालक समितिहरुले आदिवासी जनजाति नीति अवलम्बन गर्ने, साथै सक्रिय पर्यवेक्षकको रुपमा विशेष सिट छुट्टयाएर उनीहरुलाई एक छुट्टै जनसंख्याको रुपमा मान्यता दिने कुरालाई सुनिश्चित गर्ने ।
- आदिवासी जनजातिहरुले भोग्दै आएको गैर आर्थिक हानी र क्षतिलाई पनि समावेश गरिनुका साथै हामीद्वारा नैत्यसलाई परिभाषित गरिनुपर्दछ ।

## कार्बन बजार र न्यायोचित रुपान्तरण

- हाम्रो जल, जमिन र भूक्षेत्रमा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (युएनड्रिप) अनुरुप हाम्रो स्वतन्त्र, अग्रिम जानकारीसहितको मन्जुरीबिना कार्बन क्रेडिटका साथै तथाकथित "हरियो" र "स्वच्छ उर्जा" परियोजनाहरुको डिजाइन, कार्यान्वयन र वित्तिय सहयोग रोक्ने ।
- हाम्रो अर्थपूर्ण सहभागिताका साथ सांस्कृतिक, वातावरणीय र मानव अधिकार प्रभाव मूल्याङ्कन सञ्चालन गर्ने । जसले गर्दा हामीले कार्बन क्रेडिट र नवीकरणीय उर्जा परियोजनाहरुको बारेमा सामुहिकरुपमा जानकारीमूलक निर्णयहरु गर्न सकौं, साथै निष्पक्ष र समतामूलक लाभ बाँडफाँडको व्यवस्थाको लागि वार्ता गर्न सकौं ।
- प्राकृतिक स्रोतहरुको दोहन र वस्तुकरणमा आधारित बजारको ढाँचा भन्दा फरक समुदाय केन्द्रितर स्वामित्वमा आधारित संयन्त्र, मापदन्ड र पहलहरुलाई मान्यतार साथ दिने ।
- जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय निर्धारित योगदान दस्तावेजहरुमा आदिवासी जनजातिहरुको न्यायसंगत रुपान्तरणसम्बन्धी सिद्धान्त र प्रोटोकलहरुको समावेश सुनिश्चित गर्ने ताकी खानी तथा अन्य खनिज पदार्थहरुको उत्खनन र दोहन जस्ता हुँदै आइरहेका व्यापारिक अभ्यासहरुमा सुधार होस्, जसले आदिवासी जनजातिहरुलाई विस्थापित गर्ने, हाम्रो वातावरणलाई प्रदुषित गर्ने, पवित्र स्थलहरुलाई क्षति पुर्याउने  र जैविक विविधतालाई नष्ट गर्दै आएकोछ ।

## स्रोत परिचालन

- आदिवासी जनजातिहरुलाई प्रत्यक्ष, अनुदानमा आधारित, लचिलो, पँहुचयोग्य, महत्वकांक्षी, समतामूलक र भरपर्दो सार्वजनिक वित्तिय सहयोग प्रदान गर्ने । युएनड्रिपको पूर्णरुपमा पालना गर्दै र हाम्रो स्वामित्व, नेतृत्व, आत्मनिर्णय र स्वशासनको सुनिश्चितता हुने गरी हाम्रो जमिन, भूक्षेत्र तथा स्रोतहरुमा कुनै पनि प्रकारको वित्तिय लगानी, परिचालन र संस्थागत प्रक्रियाहरुलाई मानवअधिकारमा आधारित अवधारणाले निर्देशित गर्ने ।

- जलवायु परिवर्तन तथा जैविक विविधता वित्तिय स्रोत र संयन्त्रहरुको उपलब्धता, पँहुच र प्रभाव बृद्धि गर्ने । हाम्रो आत्मनिर्धारित आवश्यकता र प्राथमिकताहरुलाई साथ दिन हाम्रो पूर्ण र प्रभावकारी सहभागिताका साथ पारदर्शी, समतामूलक र विशेष सुविधाहरुर कार्यक्रमहरु स्थापना गर्ने ।
- कोषहरुमा पहुँच र त्यसको व्यवस्थापन गर्नको निम्ति पूर्ण र प्रभावकारी रुपमा सहभागी हुन र सम्बन्धित निर्णय गर्ने निकाय र संयन्त्रहरुमा अर्थपूर्ण संलग्नताको निम्ति आदिवासी जनजाति, आदिवासी जनजाति महिलाहरु, युवाहरु र अपाङ्गता भएका व्यक्तिहरु, पत्रकारहरु र कानून व्यवसायीहरुको क्षमता र सीप विकास गर्न आर्थिक, प्रविधिगत र प्राविधिक सहयोग उपलब्ध गराउने।
- राज्यले हाम्रो भूक्षेत्रको क्षतिपूर्ति र पुनरुस्थापना मात्र नगरी हामीले जमिन गुमाउदा रक्षयीकरण हुँदा प्रभावित हाम्रो स्वास्थ्य र समृद्धि पुनरुस्थापना गर्नको लागि पनि पर्याप्त सहयोग उपलब्ध गराउने ।

**हामी, आदिवासी ज्ञान र एशियाका मानिसहरुसम्बन्धी चौथो क्षेत्रीय सम्मेलनका सहभागीहरु जैविक विविधता, जलवायु परिवर्तन र आदिवासी जनजातिको अधिकारसम्बन्धी पोखरा कार्य योजनाको कार्यान्वयनप्रति हाम्रो प्रतिबद्धतालाई दोहोर्याउन  चाहन्छौं । हामी एशियाभरीका आदिवासी जनजातिहरुको अधिकारको प्रबर्धनमा योगदान पुर्याउदै, मानव अधिकार, जैविक विविधता र जलवायु परिवर्तनसम्बन्धी क्षेत्रीयस्तरमा भइरहेका गतिविधिहरुको वार्षिक समीक्षा निरन्तर रुपमा गरिरहनेछौं ।**



**त्होम्ले गाउँका गुरुङ आदिवासी जनजाति समुदायका आमा समुहले सम्मेलनका सहभागीहरुलाई परम्परागत संस्कार अनुरुप निधारमा टिका (चामल) लगाइदिएर विदाई गर्दै।**

**त्होम्ले घोषणापत्र सम्बन्धी थप जानकारी को लागि, कृपया सम्पर्क गर्नुहोस्:**


Mr. Lakpa Nuri Sherpa (nuri@aippnet.org)
Ms. Pirawan Wongnithisathaporn (pirawan@aippnet.org)
Mr. Prem Singh Tharu (prem@aippnet.org)